म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २२७ शनिबार १२ चैत २०७८ नवमी ने. सं. ११४२ चिल्लागा 26 March, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

प्रो: हिरालाल श्रेष्ठ ९८६५०१२५८८, ९८४५८८३५३३, ०५७-५२५८६३

विशेष छुट ! विशेष छुट !! विशेष छुट !!!

विशेषज्ञ डाक्टरहरुद्वारा नि:शुल्क चेकअप गर्नुहोला ।

**हाम्रो सेवाहरू:**

- डाक्टर सेवा: नि:शुल्क
- ल्याब टेष्टमा १५% छुट
- औषधीमा १०% छुट

त्यसैले आजनै सम्पर्क गरौं ।

यही मिति २०७८ चैत २३ गते संचालन हुदैछ ।

देउराली फर्मा

# कांग्रेस हेटौंडा नगर समितिको पूर्ण बैठक

**२० सदस्य र तीन सल्लाहकार मनोनित, कार्यसम्पादन समिति गठन, मेयरमा निरन्तर खटनेलाई टिकट दिन सुझाव**

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/ नेपाली कांग्रेस हेटौंडा उपमहानगर कार्यसमितिमा कोषाध्यक्ष सहित २० जना सदस्य तथा तीन सदस्य मनोनित गरिएको छ ।

नेपाली कांग्रेस, हेटौंडा नगर समितिको शुक्रबार सम्पन्न तेस्रो पूर्ण बैठकले नगर कोषाध्यक्षमा कूलप्रसाद चौलागाई, आमन्त्रित तीनसहित २० सदस्य मनोनित गरेको छ ।



नेपाली काँग्रेस हेटौडा उपमहानगर समितिको तेस्रो पूर्ण बैठकमा सहभागी पदाधिकारीहरु । *तस्वीर: साझाकुरा*

बैठकले आगामी बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा कांग्रेसबाट हेटौंडा उपमहानगरमा क्षेत्रमा पर्ने विकास निर्माण र अन्य योजनाहरू समेटेर निर्वाचन घोषणापत्र तयार गर्न कृष्णप्रसाद दाहालको संयोजकत्वमा घोषणापत्र मस्यौदा समिति र व्यवस्थापन समिति गठन गरिएको छ । समिति सहसंयोजकमा राजाबाबु पहाडी र व्यवस्थापन समितिमा नगर सभापति उत्सव इटेनीको संयोजकत्वमा ८ सदस्य रहेका छन् ।

बैठकले आगामी स्थानीय तहको निर्वाचनको हेटौंडा नगरमा निर्वाचनसम्बन्धी कार्यको अनुगमन तथा सहजीकरण गर्न सभापति उत्सव इटेनीलाई हेटौंडा- ११,१३,१९,७,९,उपसभापति रामकृष्ण कोइरालालाई वडा नम्बर १६ र १७, उपसभापति डोल्मा स्याङ्बोलाई वडा नम्बर ५ र ६, सचिव सविन न्यौपानेलाई वडा नम्बर १ र १०, सचिव हर्करत्न लामालाई वडा नम्बर ८, १३, १४, १५, सहसचिव विकास बानियाँलाई वडा नम्बर २ र १८ र सह-सचिव निगमलाल श्रेष्ठलाई वडा नम्बर ४ र १२ को प्रतिनिधि चयन गरेको कांग्रेस हेटौंडा नगर सचिव सविन न्यौपानेले बताएका छन् ।

त्यसैगरी, बैठकले नेपाली कांग्रेसको बिधानको दफा ५ को उपदफा क र ख बमोजिम सभापति उत्सव इटेनी, उपसभापति रामकृष्ण कोइराला, उपसभापति डोल्मा स्याङ्बो, सचिव सविन न्यौपाने, सचिव हर्करत्न लामा, कोषाध्यक्ष कूलप्रसाद चौलागाई, सहसचिव विकास बानियाँ, सह-सचिव निगमलाल श्रेष्ठसहित २४ सदस्यीय कार्य सम्पादन समिति गठन गरिएको छ । त्यसैगरी, कांग्रेस हेटौंडा उपमहानगरको तेस्रो बैठकले सल्लाहकारमा महेन्द्र राउत, बिजेन्द्र अग्रवाल र प्रेस सल्लाहकारमा प्रेस युनियन मकवानपुरका महाधिवेशन प्रतिनिधि सुनिल शिवाकोटीलाई मनोनित गरेको सचिव न्यौपानेले जानकारी दिएका छन् । त्यसैगरी बैठकमा सहभागी अधिकांश वडा सभापति तथा नगर सदस्यहरुले आगामी निर्वाचनमा हेटौंडाको मेयर का साथै वडा तहमा उम्मेदवार टुङ्ग्याउँदा जनताको माझमा भिजेका, जनतासँग नजिक रहेर काम गरेका तथा कांग्रेसमा क्रियाशील व्यक्तिलाई टिकट दिन पार्टीका शीर्षस्थ नेताहरूसंग आग्रह गरेका छन् ।

बैठकमा सहभागी अधिकांश इकाइ सभापति तथा सदस्यहरुले आ-आफ्नो वडामा यसपटक मेयर पदमा काँग्रेस पार्टीको तर्फबाट आनन्दराम पराजुली नै मेयरको उम्मेदवार हुनेमा आशावादी रहेको धारणा राखेका छन् । उनीहरुले जनताको काममा सदैव लागिरहने भएकोले पराजुलीलाई जिताउन सजिलो हुने र अन्य उम्मेदवार आए गाह्रो हुने बताए ।

कोषाध्यक्षमा कुलप्रसाद चौलागाईं मनोनित

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित सुन्दर नगरी हेटौंडामा बिक्री

शुभारम्भ

YADEA e-SCOOTERS






Offer रू.१०,०००।- नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स


हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)

प्रो. सबी भण्डारी ९८५५०६७४६०

घडेरी बिक्रीमा

जिल्ला : मकवानपुर

हेटौंडा उपमहा नगरपालिका वडा नं. १



सम्पर्क नं.: ९८४५१०३६६३

९८११९५४६२, ९८५५०७३६६९ हेटौंडा-५

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# महिलाको तुलनामा किन पुरुषलाई धेरै दिन अन्तरिक्षमा राखिन्छ ?



हरेक दिन पृथ्वीको बाहिर विकिरण फैलिरहेको हुन्छ । सूर्यका साथै तथा ताराहरूबा तयस्ता विकिरण पृथ्वीतर्फ आउँदछन् । त्यसमा अत्यधिक शक्तिशाली उर्जायुक्त तरंग हुन्छन् जसले शरीरको अणुहरूबाट इलेक्ट्रोनलाई नष्ट गरिदिन सक्दछ । धेरै समयसम्म विकिरणयुक्त क्षेत्रमा बस्दा रेडियसन सिकनेस तथा क्यान्सर पनि हुनसक्दछ । तर खुसीको कुरा हाम्रो पृथ्वीलाई सुरक्षाकवचले घेरेको हुन्छ । पृथ्वीलाई म्याग्नेटोस्फेयर तथा वायुमण्डलले घेरेको हुन्छ र त्यही पत्रले हामीलाई त्यस्ता हानिकारक विकिरणबाट बचाउँछ ।

तर वायुमण्डल तथा म्याग्नेटोस्फेयर भन्दा माथि अन्तर्राष्ट्रिय स्पेस स्टेसनमा यस्तो कुनै सुरक्षाको तह हुँदैन । त्यहाँ अन्तरिक्षयात्रीहरू सबैभन्दा धेरै विकिरणको सिकार हुन्छन् । उनीहरूको शरीरमा क्यान्सर हुने जोखिम धेरै हुन्छ । त्यसैले अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले सन् १९८९ मै अन्तरिक्षयात्रीहरू अन्तरिक्षमा रहने एक सीमा तय गरेको थियो । उक्त सीमा अनुसार कुनै पनि अन्तरिक्षयात्री अन्तरिक्षमा आफ्नो पूरा करिअरको जति पनि हिस्सा बिताउँदछ त्यसमा उसलाई अधिकतम क्यान्सर डोज केवल तीन प्रतिशत मात्र हुनुपर्दछ ।

अन्तरिक्षयात्रको क्यान्सरको जोखिमलाई यस प्रकारले मापन गरिन्छ । यसमा लिंग तथा उमेरको पनि गणना गरिन्छ । ३० वर्षकी महिला अन्तरिक्षयात्रीको विकिरणको न्यूनतम करिअर सीमा १८० मिलिसिभर्टस् हो । जबकि ६० वर्षीय पुरुष अन्तरिक्षयात्रीको लागि अधिकतम करिअर सीमा ७०० मिलिसिभर्टस् हुन्छ । आखिर महिलाका लागि न्यूनतम करिअर लिमिट तर पुरुषका लागि अधिकतम करिअर लिमिट किन तोकिएको हुन्छ त ?

अमेरिकी वातावरणीय संरक्षण एजेन्सीको विकिरण सुरक्षा महाशाखाका अधिकारी आर जुलियन प्रेस्टनका अनुसार जब महिला र पुरुषलाई एकसाथ उच्चस्तरको विकिरणमा कुनै निश्चित समयका लागि राखियो भने महिलामा फोक्सोको क्यान्सर हुने जोखिम पुरुषको तुलनामा दोब्बर धेरै हुन्छ । जुलियन प्रेस्टनका अनुसार यो गणना जापानमा खसालिएको परमाणु बमले पारेको असरमा आधारित छ ।

दोश्रो विश्वयुद्धका बेला हिरोसिमा र नाकासाकीमा भएको परमाणु बम आक्रमणपछि जिवित रहेका मानिसहरूको स्वास्थ्यको अध्ययनबाट विकिरणको असर, खासगरी फोक्सोको क्यान्सरको जोखिम पुरुषको तुलनामा महिलामा दोब्बर हुने देखिएको हो । फोक्सोको क्यान्सरको मामिलामा महिलाहरू धेरै संवेदनशील हुन्छन् । पुरुषहरूमा विकिरणको कारण फोक्सोको क्यान्सर हुनका लागि महिलाको तुलनामा धेरै समय लाग्दछ । सन् २०१८ मा नासाको एस्ट्रोनट कप्रसकी पूर्व प्रमुख पेगी ह्विट्सनले महिलाहरूको न्यूनतम करिअर लिमिटका विषयमा आवाज उठाएकी थिइन् । उनले विकिरणको तय सीमाको विरोध गरिन् । उनी आफै पनि विकिरण पीडित हुन् तर ५७ वर्षको उमेरमै उनले करिअरबाट अवकास लिइन् ।


नासाले विकिरणको तय सीमा बढाउने तयारी गरिरहेको बताइएको छ । यस्तो भयो भने महिला अन्तरिक्षयात्रीहरूले धेरै समय अन्तरिक्ष स्टेसनमा बिताउनु पर्नेछ । सन् २०२१ मा नासाले एक एक विज्ञ कार्यदलसँग भविष्यमा पुरुष तथा महिलाका लागि करिअर विकिरण लिमिट ६०० मिलिसिभर्टस् बनाउन सकिन्छ कि ? भनेर सोधेको थियो । त्यस विषयमा अध्ययन भैरहेको छ ।

पृथ्वीमा एक व्यक्तिले औसतमा प्रत्येक वर्ष ३.६ मिलिसिभर्टस् विकिरणको सामना गरिरहेको हुन्छ । जबकि स्पेस स्टेसनमा अन्तरिक्षयात्रीले एक वर्षमा ३०० मिलिसिभर्टस् विकिरणको सामना गर्नुपर्दछ । यदि कुनै अन्तरिक्षयात्री ६/६ महिनाका चारवटा स्पेस मिसनमा जान्छ भने उसको विकिरणको मात्रा निकै उच्च हुनजान्छ । जुलियन प्रेस्टनका अनुसार नयाँ सीमामा पुरुषको अधिकतम करिअर सीमालाई घटाइनेछ ताकि पाको उमेरका व्यक्तिहरूलाई अन्तरिक्षयात्रामा कम पठाइयोस् । यसबाट महिलाहरूलाई धेरै मौका मिल्नेछ । उनीहरूले अन्तरिक्षमा धेरै समय बिताउन पाउनेछन् । उनका अनुसार नासामा महिलाहरूले समानता हासिल गरेका छन् । अन्तरिक्षमा जाने विषयमा भने केही सावधानी अपनाइएको छ । तर उनीहरूलाई छिटै नै लामो समयका लागि अन्तरिक्षमा बिताउने मौका प्राप्त हुनेछ । नासाले यसका लागि करिअर एक्सपोजर लिमिट ९०० मिलिसिभर्टस् तोक्ने तयारी गरेको छ । युरोपियन युनियन, क्यानडा तथा रुसी अन्तरिक्षयात्रीका लागि भने करिअर एक्सपोजर लिमिट १००० मिलिसिभर्टस् तोकिएको हुन्छ ।

प्रेस्टनका अनुसार मंगल ग्रहको मिसन निकै संवेदनशील र ठूलो मिसन हो । यसमा कुनै पनि अन्तरिक्षयात्रीले एक मिसनमै पूरै करिअर वा अरु कैयन् अन्तरिक्षयात्रा बराबर तथा त्यसभन्दा पनि बढी विकिरणको सामना गर्नुपर्ने हुनसक्छ । त्यसैले यसमा केही खुकुलोपनाको सम्भावना छ । तर त्यसअघि विकिरण एक्सपोजरको मापदण्डलाई क मगर्न सकिँदैन । किनकि यो एक नैतिक समस्या पनि हो ।

-साभार: अनलाईनखबर

# यौन आनन्दको ज्ञानले सुरक्षित यौन व्यवहारबारे बुझाउन सकिने: डब्ल्यूएचओ



यौन सन्तुष्टिबारेको शिक्षाका आधारमा सुरक्षित यौन व्यवहारको महत्त्व बुझाउने सन्देश प्रभावकारी रूपमा फैलाउन सहयोगी हुने विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)का अध्ययनकर्ताहरूले बताएका छन् ।

उनीहरूको अध्ययनको निष्कर्षका अनुसार असुरक्षित यौन व्यवहार कति खतरापूर्ण हुन्छ भनेर गरिने सचेतना अभियानहरूले भन्दा यौन सन्तुष्टिका बारेमा सिकाउने कार्यक्रमहरूले कन्डमको प्रयोग बढाएको देखिएको छ । स्वास्थ्यको ख्याल गर्नका लागि मानिसहरूलाई डरको भन्दा आनन्दको सन्देशले बढी प्रेरित गर्ने उनीहरूको भनाइ छ ।

सो अध्ययन प्रतिवेदनका एकजना लेखकले यौन व्यवहार एकैपटक सुरक्षित र आनन्ददायक दुवै हुनसक्ने बताएका छन् । उनले विश्वभर अरबौं डलर रकम प्रत्येक वर्ष यौन र प्रजनन स्वास्थ्य र अधिकारसबन्धी सेवामा खर्च भैरहेपनि त्यस्ता धेरै कार्यक्रमले मानिसहरूले यौन सम्बन्ध किन राख्नछन् भन्ने आधारभूत कारणलाई नै सम्बोधन नगर्ने बताएका छन् । त्यस्तो कारण भनेको आानन्द अनुभव गर्नकालागि हो भन्ने उनीहरूको भनाइ छ ।

सन् २००४ मा जनस्वास्थ्य विज्ञ एन फिल्पोटले डब्ल्यूएचओको टोलीसँग काम गरेको द प्लेजर प्रोजेक्ट सुरु गरेकी थिइन् । उनले “एड्सबारेका अनगिन्ती छलफलहरूमा कसैले पनि किन मानिस यौनप्रति आकर्षित हुन्छन् भन्ने कुरा नउठाएपछि दिक्क भएर“ सो प्रोजेक्ट सुरु गरेकी बताएकी छन् । उनी भन्छिन्: ‘यौनका लागि सम्भवत: सबैभन्दा शक्तिशाली उत्प्रेरणा त्यसबाट प्राप्त हुन सक्ने आनन्द हो तर पनि यो कुरा यौन शिक्षा वा यौन स्वास्थ्यसम्बन्धी कार्यक्रममा चर्चा भएको देखिँदैन ।’

‘यदि धेरै मानिसलाई तपाईंलाई दिइएको यौन शिक्षाले आफ्नाो जोडीसँगको सम्बन्ध र यौन जीवन राम्रो बनाउन सहयोग गऱ्यो’ भनेर सोध्दा उनीहरूले छैन भन्छन् । ‘यौन सुरक्षित हुन सक्छ र आनन्ददायक पनि हुन सक्छ । यो खुला संवाद गर्ने र मानिसहरूमा आत्मविश्वासको भावना जगाउने विषय हो । विश्वभर प्रत्येक दिन १० लाख यौन रोग संक्रमणका घटना हुने गरेका छन् । तीमध्ये धेरै विनालक्षणका हुन्छन् । कन्डमको प्रयोगले ती संक्रमण रोक्नुका साथै अनिच्छित गर्भधारण पनि रोक्न सघाउँछ । फिल्पोटले कन्डमलाई यौनका बेला डर, अन्योल र आशंका कम गर्न सघाउने आनन्ददायी साधनका रूपमा प्रचार गरेर बेचिनु पर्ने बताएकी छन् ।

डब्ल्यूएचओका अध्ययनकर्ताहरूले विभिन्न सुरक्षित यौनसम्बन्धी परियोजना र व्यवहार परिवर्तनमा तिनको प्रभावकारीताका बारे अध्ययन गरेर यस्तो निष्कर्ष निकालेका हुन् । उनीहरूले ३३ परियोजनाहरूले सुरक्षित यौनसम्बन्धी सन्देश फैलाउने क्रममा यौनानन्दलाई विचार गरेको र ती कन्डम प्रयोग बढाउनका लागि यौन रोग र जोखिम न्यूनीकरणका अन्य परियोजनाभन्दा सफल रहेको पाएका छन् । उनीहरूले यौनका विषयमा सहमति, स्वस्थ व्यवहार र सुरक्षाका बारेमा शिक्षा दिने कार्यक्रममा आनन्द, इच्छा र रमाइलोका बारेमा पनि कुरा हुँदा बढी प्रभावकारी हुने बताएका छन् । प्रतिवेदनका सह-लेखक डब्ल्यूएचओका डा. लियान गोन्साल्भेसले भनिन्: ‘यो समीक्षाले साधारण कुरा भन्छ: मानिसले किन यौन सम्बन्ध राख्छन् भन्ने कुरा समेटिएको कार्यक्रमले यौन स्वास्थ्यका बारेमा राम्रो नतिजा दिन्छन् ।’

यो निष्कर्षले यौन र प्रजनन स्वास्थ्य र अधिकार क्षेत्रमा काम गर्नेहरूलाई मानिसलाई सुरक्षित, सहमतिपूर्ण र आनन्दमय यौन व्यवहारका बारेमा ज्ञान दिने सेवालाई प्राथमिकता दिन प्रेरित गर्ने आशा छ ।

-साभार: स्वास्थ्यखबर

# साहित्य

## मेरो पहिलो महिनावारी



**कृषा माझी**

कक्षा : ६ ग, नवोदय शिशु सदन

नमस्कार । मेरो नाम जस्मिरा बस्नेत हो । म अहिले ८ कक्षामा पढ्छु । अहिले म १४ वर्षकी भएँ । म मेरो परिवारसँग गाउँमा बस्छु । मेरो गाउँ अत्यन्त सफा र हरियाली छ । आज म हजुरलाई मेरो पहिलो महिनावारीको कथा भन्न जाँदैछु ।

जब म १२ वर्षकी थिएँ । मलाई महिनावारीको बारेमा केही थाहा थिएन । एकदिन मेरो स्कुल पोशाकमा रातो रङ लागेको थियो । मेरो साथीहरु सबै मेरो यस्तो हालत देखेर हाँस्न थाले । मैले मेरी गुरुआमालाई यो रातो दागको बारेमा भनेँ । गुरुआमाले भन्नु भयो ‘नानी तिमीलाई महिनावारी भएको हो ।’ त्यो सबै नारीलाई हुन्छ त्यसैले चिन्ता लिनुपर्दैन ।’ घर जाने वित्तिकै यो कुरा तिमी आमालाई भन्न नबिर्सिनु है । भन्दै गुरुआमाले भन्नुभयो । मैले पनि त्यति बेला टाउको हल्लाउँदै हस् भनेँ । घर पुग्ने वित्तिकै मैले आमालाई यो कुरा भनेँ ।

मेरी आमा छट्पटिँदै मेरो लुगाहरु बान्न सुरु गर्नुभयो अनि मलाई गाईको गोठ नजिकै भएको कोठामा थुनिदिनुभयो । म ५ दिनसम्म लगातार त्यही कोठामा बसेँ । न त मैले पढ्न पाएँ । न त मैले खेल्न पाएँ । मलाई थाहा थिएन यो महिनावारीको बारेमा त्यसैले मेरो मनमा अनेक थरी कुराहरु खेल्न थाले ।

जब म ६ कक्षामा पुगेँ । मैले महिनावारीको बारेमा पढेँ । मैले गुरुआमालाई मेरो मनमा खेलिरहेको प्रश्नहरु सोधेँ । अहिले मैले सबै बुझेकी छु । यी प्राकृतिक कुरा हो । मैले मेरी आमालाई पनि सम्झाउँदै छु । आमाले मलाई गोठमा राख्न छाडनु भएको छ ।

तर भाइ र म सँगै बसेर खान हुन्न भन्नुहुन्छ । म आमालाई अझैं सम्झाएर बुझाउँदै छु । मेरी आमा जस्तै मेरा साथीहरुका आमाले पनि यो कुरा बुझ्नु पर्छ कि महिनावारी प्राकृतिक कुरा हो । यस्तो समयमा हामीले पोषिलो खान र विशेष माया पाउनुपर्छ । त्यसैले सबैलाई यो कुरा बुझाउनु पर्छ ।

## लघुकथा भिजिटिङ कार्ड



**विष्णुप्रसाद आचार्य**

सामाजिक जीवन त ध्वस्तै थियो तर पेसागत जीवनमा भने ठूलै छलाङ मारेका थिए नुमप्रसादले । ३५ वर्षकै उमेर निजामती सेवाको उपसचिव पदमा उनी आसीन भइसकेका थिए । उनी नायब सुब्बाबाट सरकारी सेवामा प्रवेश गरेका थिए । सधैँ मालदार अफिसमा सरुवा मिलाउने सामर्थ्यका कारण उपल्लो दर्जाको आर्थिक हैसियत समेत आर्जन गरिसकेका थिए ।

कार्यालयमा आफूले काम गर्ने विषयमा उनमा गहिरो दखल थियो । विभिन्न विदेशी मुलुकहरूको भ्रमण गरी अन्तर्राष्ट्रिय स्तरको ज्ञान र अनुभव हासिल पनि गरेकै थिए । अमूक राजनैतिक दलको आर्थिक सेवा गर्ने गरेकाले निर्णय निर्माणमा पनि आँटिला थिए । मातहतका कर्मचारीहरू उनको विद्वता सहितको चाटुकारिता देखेर कायल हुन्थे ।

उनीसँगै स्कुलमा पढेका साथी एक दिन आफ्नो काम विशेषले मन्त्रालयमा उनलाई भेट्न गए । उनी मन्त्रालयमा निकै बेफुर्सदी जस्ता देखिन्थे । त्यसैले छोटो फुर्सद लिकालेर हात लम्काउदै साथीलाई भने,

- ‘यी, यो भिजिटिङ कार्ड लिइ राख्नुस् । तपाईंको विषयमा टाइम मिलाएर बातचित गरौंला ।’

साथी चाहिँ गाउँमा सामान्य कृषि पेसा गर्थे । गाउँबाट उनले पटक पटक फोन गरे । कहिले ‘सम्पर्क हुन सकेन’ कहिले ‘स्विच अफ गरिएको छ’ भन्ने आवाज आइरह्यो । कहिलेकाहीँ त ‘आइ विल कल ब्याक यु लेटर’ भन्ने मेसेज पनि फर्काउँथे उनी । तर कलब्याक कहिल्यै भएन ।

उता गाउँमा रहेका साथीको छोराको ब्रतबन्धको साइत जुर्यो । उनले मन्त्रालयका ती साथीलाई सम्झिएर चिनजानको अर्को साथीमार्फत निम्तो कार्ड पठाए । उनले फेरि पनि समय निकाल्न सकेनन् सायद । निम्ताको बदलामा ‘ह्वाट याप्स’ मार्फत बटुकलाई शुभकामनाका गुलिया शब्दहरू उपहार पठाए ।


क्रम यथावत रह्यो । पछिल्ला कैयौँ वर्षसम्म उनीहरूको भेटघाट त के बोलचालसम्म पनि भएन । गाउँमा चुनाव आएको थियो । गाउँका साथी कृषिकर्म छाडेर पालिका अध्यक्षमा उम्मेदवारी दिने मनस्थितिमा थिए । यता उपसचिव पनि सहसचिव पदबाट सेवा निवृत्त भैसकेका थिए । पदमा रहदा गाउँमा पाइलो नै नहालेका र गाउँको सेवामा कुनै योगदान नगरेका भू.पू.सहसचिव साहेब, स्थानीय तहको चुनावमा भोट हाल्न गाउँ पुगे । समय व्यवस्थापन गर्न नसक्दा साथीको काम नबनेको र छोराको ब्रतबन्धमा पनि उपस्थित हुन नसकेको पुरानो सम्झनाले भावुक बनेका देखिन्थे उनी ।

उनले चुनावमा आफ्ना बालसखालाई ज्यान दिएर सघाए । साथीले चुनाव पनि जिते । उनकै प्रमुख सल्लाहकार भएर काम गर्न थाले भू.पू.सचिव साहेब । लामो प्रशासनिक अनुभव र चाटुकारिताको सीपका कारण पालिकामा उनकै हालीमुहाली चल्न थाल्यो ।

हालका पालिका अध्यक्षले जतन गरी सम्हालेको त्यही पुरानो भिजिटिङ कार्ड भू.पू.सहसचिव साहेबको हतियार बनेको छ अहिले । प्रशासनिक दक्षताको त्यही प्रमाण पेश गरेर गाउँबाट गुमेको आफ्नो विरासत फर्काउने र आगामी पालिकाको चुनावमा अध्यक्षको पद हत्याउने दाउमा उनी छन् भन्ने गाइँगुइँ चल्न थालेको छ । -साभार: साहित्य संसार

## धर्तीको समाधि

कविता



**शेरबहादुर ढुंगाना**

दाहाल त्रिविक्रम  
निलो आकाशमुनि  
कालो बादल छाएको बेलामा  
कलकल बग्दै गरेको जलमा  
नाङ्गो धर्ती लजाउँदै समाधि लिन्छ ।

नाङ्गो धर्तीले लजाउँदै समाधि लिएको पलमा  
प्रकृतिले म मानवलाई  
‘मलाई नंग्याई आफू भरिभराउ हौ न अझै’ भनी गिज्याउँछ ।

म मौन छु  
तिमी मौन छौ  
हामी सम्पूर्ण मानव जगत मौन छौँ  
नाङ्गो धर्तीले लजाउँदै जलमा समाधि लिइरहन्छ ।

म चिच्याउँछु  
म कराउँछु  
तिमी पनि त्यही गर्छौ  
हामी सम्पूर्ण मानव जगत त्यही गर्छौं  
अझ नाङ्गो धर्तीले लजाउँदै समाधि लिइरहन्छ ।

धर्तीले किन यसरी समाधि लिँदैछ ?  
के हामी अनविज्ञ छौँ ?  
सायद नाङ्गिएर पो हो कि  
एकपटक धर्तीलाई हरिया फरिया ओढाएर हेरौँ न  
त्यसो गर्दा  
कलकल बगेको जलमा आफू पनि लाजले सँगै नबग्ने पो हो कि  
धर्तीले पुन: समाधि नलिने पो हो कि ।

## ठग



**डा.गणेशकुमार पौडेल**

इमान खोज्यो त्योसंग इमान छैन  
जमान खोज्यो त्योसंग जमान छैन  
त्यो ठगसंग केवल हिजोआज  
छलकपट भन्दा अरु केहि छैन

मर्ने मरिरहेकै हुन्छ  
ठगले भने मस्ती मारेकै हुन्छ  
उसलेत साहित हेरेर  
मौकामा चौकाको दाउ पारेको छ

ठगको नसा लागेको छ  
डर भर जति सबै भागेको छ  
गन्हाएको इज्जतलाई उसले  
मैले पोस लागएर छोपेको छ

मसानघाटमा मुर्दा जाग्यो  
गाउँ छोडेर ठग भाग्यो  
किन भागिस भनि केरकार गर्दा  
लुटपाट गरेकोमा डर लाग्यो

जुन देश गरिब हुन्छ  
त्यहाँ भ्रष्टाचार बढी हुन्छ  
ठगले जरा गाडेर समाजमा  
अनेकौ रुप लिएको हुन्छ ।

कुरिकुरि लाज लागेपछि  
के गर्नु थुक्क लाज पचाएपछि  
त्यो लुटेरा ठगसंग हेर  
इमान र जमान नभए पछि

बहादुर भन्छ आफूले आफूलाई  
अपराध गर्छ उसले सबैलाई  
ठग रगत बगाउँछु भन्छ  
चिर्पट देखाई तर्साउँछ अरुलाई

पार्टिको झण्डा बोकि हिडेको छ  
हरेक क्षेत्र अस्त व्यस्त पारेको छ  
त्यो ठग स्याल भएर फेरी  
नकचरोपन देखाई रहेको छ

अपराधीको कहिल्यै पनि हुदैन भर  
त्यसलाई धर्मको लाग्दैन कहिल्यै डर  
ठगलाई भन्ज्याङ्ग कटाउनुपर्छ  
जस्ले जहाँ भेटेपनि गर्नु तिरस्कार

आँखाभरि आँसु झारेको छ  
मनभरि पिडा बोकेको छ  
ठगको बलात्कारले सधैंभरि  
पिडित दया खोजीरहेको छ

समाज निरिह हुनु परेको छ  
बलत्कृत झोकारिनु परेको छ  
बलात्कारी ठग बहादुर भएर  
उसैका हलि मुहाली चलेको छ

कर्ममा भन्दा भाग्यमा विस्वास गर्छ  
क्षमतामा होइन अरुको भरपर्छ  
त्यो बलात्कारीको त्रासले गर्दाखेरी  
लाचार भई बलत्कृतले मर्नुपर्छ ।

## बुडो राँगो जाने भो भिर तिर

**पम्फा थापा मगर**

नपाएनी गालैमा किस खान  
के गर्नुत मन लाग्छ जिस्कन ।

विचरालाई भएछ ठूलो घाउ  
आफनै बुडी समात जिस्काईरउ ।

नपाएनी जवानी चाख्नलाई  
के हुन्छर एकछिन मन राख्नलाई ।

जल्ले पनि यहि भनी डाक्नी  
छैन बानी अर्काको मन राख्नी ।

उसोभए संगैजाउँ गाडीमा  
भरे मकै भुटनी भो हाँडीमा ।

सोउ होला गीत गाउछु चाच्छु  
मेरो फेला परेसी ढाड भाँच्छु ।

भनी हाल्यौ त्यो मनलाई जलाई  
कहाँ भिर जान्छु भैसीलाई तह नलाई ।

पारीरन्छौं कालेले पिर तिर  
बुडो राँगो जाने भो भिर तिर ।

मै हुँ भन्न तिम्लेनी कहाँ पाउँछेउ  
मेरै फेला परेसी थाहा पाउँछेउ ।

राम लामाको चुरी र फुरी  
पर्ने भयो उध्याउन खुकुरी ।।

# कार्यकाल सकेर बिदा हुन लागेका जनप्रतिनिधिले अब के गर्ने ?

काठमाडौं/सरकारले देशभरका स्थानीय तहका जनप्रतिनिधिहरुलाई 'बहिर्गमनको योजना' तयार पार्न र विवादरहित रुपमा आफ्नो कार्यभार हस्तान्तरण गर्न सुझाव दिएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थलगत टोली नै खटाएर स्थानीय तहका जनप्रतिनिधिहरुलाई हिसावकिताव राफसाफ गर्न र बरबुझारथ बाँकी नराख्न सुझाव दिएको हो ।




'जनप्रतिनिधिहरुको पदावधि आजको मितिबाट करिब ५२/५३ दिनमात्रै बाँकी छन् । यो अवधिमा जनप्रतिनिधिहरुले अरु कामभन्दा बरबुझारथ र हिसावकिताव मिलानका कामलाई प्राथमिकता दिनुपर्ने देखिन्छ,' संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव वसन्त अधिकारीले भने, 'उहाँहरुले पहिलो कार्यकालको हिसावकिताव राफसाफ गर्न प्राथमिकता दिनुपर्छ । भोलिका दिनमा आर्थिक र अन्य हिसावले प्रश्न नउठ्ने गरी सबै फरफारक गर्नुपर्छ भन्ने सुझाव दिएका छौं ।'

मन्त्रालयको टोलीले विभिन्न जिल्लामा गएर हिसावकिताव फरफारक गर्न अनि आफ्ना कामकारवाहीको अभिलेखीकरण गर्न जनप्रतिनिधिलाई आग्रह गरिरहेको छ । बेरुजु घटाउने र जिन्सी व्यवस्थापनलगायतका विषयलाई प्राथमिकता दिन सुझाव दिएको छ । अनि आफ्नो कार्यकालमा भएको निर्णय र अरु कामकारबाहीको कागजातको व्यवस्थित अभिलेखिकरण गर्न पनि ध्यानाकर्षण गराएको छ ।

देशभरका धेरै स्थानीय तहले राम्रा र उदाहरणीय काम गरेपछि तिनको व्यवस्थित अभिलेखिकरण हुन नसकेको मन्त्रालयका सहसचिव डा. गोपी खनालले बताए । 'केहीले राम्रा काम गरेका छन्, केहीलाई यो क्षेत्रमा मैले काम गर्न सकिन, अब त्यो काम हुनुपर्छ भन्ने लाग्ला,' खनालले भने, 'तपाईहरुले आफ्नो अनुभवमा आधारित दस्तावेज बनाउनुहोस र बिदावारी हुने क्रममा केही कामहरु गर्नुहोस् भनेर मन्त्रालयले खाका नै बनाएर उहाँहरुलाई उत्प्रेरित गरिरहेको छ ।' उनका अनुसार मन्त्रालयको यो अभियान बाध्यकारी भन्दा पनि उत्प्रेरणामुखी खालको छ । कतिपय स्थानीय तहका जनप्रतिनिधिहरु आफूहरुको काम र 'बौद्धिक स्मृति' संस्थागत हुने भन्दै उत्साहित भएको उनले बताए ।

**ठूला स्थानीय तहमा १८ करोडसम्म बेरुजु**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार, पछिल्लो पाँच वर्षमा बेरुजुको ग्राफ निकै बढेको छ । ठूलो मात्रामा संघीय सरकारको बजेट समेत शसर्त र विभिन्न अनुदानका नाममा स्थानीय तहमार्फत परिचालन हुने भएपछि बेरुजु पनि त्यही अनुपातमा बढेको हो । पछिल्लो पाँच वर्षमा देशभरका स्थानीय तहको बेरुजु करिव तेब्बर भएको छ । महालेखा परीक्षकको कार्यालयको प्रतिवेदन अनुसार, २०७४ सालमा बेरुजुको ग्राफ १४ अर्ब २४ करोड रुपैयाँ थियो । २०७६ सालमा बेरुजु बढेर ४० अर्ब ८३ अर्ब रुपैयाँ पुगेको थियो । मन्त्रालयका अर्का सहसचिवले भने, 'अहिले पदमा बहाल भएको बेला काम नगर्ने हो भने भोलि त्यो कार्यालयमा फर्केर हेर्न मन नलाग्न सक्छ ।'

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आफ्नो कार्यकालको बेरुजु अहिलेकै जनप्रतिनिधिलाई बढी अवगत हुने भन्दै फर्छ्योट गर्न उत्प्रेरित गरेको हो । मन्त्रालयको आँकडा अनुसार ठूला स्थानीय तहको बेरुजु १७/१८ करोड रुपैयाँसम्म पुगेको छ । साना स्थानीय तहको कम्तिमा पनि ३/४ करोड रुपैयाँ छ । 'हामीले सकेसम्म शुन्य बेरुजुको स्थानीय तह घोषणा गरेर कार्यकालको अन्त्य गर्नुहोस भनेर अनुरोध गरेका छौं,' मन्त्रालयका सहसचिव अधिकारीले भने, 'आफ्नो कार्यकालमा उठेका बेरुजु अभिलेखिकरण र फर्छ्योट गर्ने कामलाई प्रोत्साहित गरिरहेका छौं ।' बेरुजुको अभिलेखिकरण र फरफारक पनि स्थानीय तहको मूल्यांकनको एउटा सूचक हो । मन्त्रालयले जनप्रतिनिधिलाई पाँच वर्षे कार्यकालमा प्राप्त उपलब्धीको सूचक बनाउन र सार्वजनिक गर्न सुझाव दिएको छ । सडक, सिंचाइ, स्वास्थ्य पूर्वाधार, शिक्षालगायतका क्षेत्रमा गरेका कामकारबाहीको अभिलेख राख्न भनेको हो । त्यसैगरी स्थानीय तहले क्षेत्रगत रुपमा हेर्ने सामाजिक विकासका उपलब्धीको लेखाजोखा गर्न भनेको छ ।

जिन्सी व्यवस्थापन र फरफारक चुनौतीपूर्ण रहेको मन्त्रालयको आँकलन छ । पाँच वर्षअघि देशभरका स्थानीय निकाय स्थानीय तहमा रुपान्तरण भएपछि सरकारले हरेक नयाँ पालिकाहरुलाई शुरुको संरचना विकास गर्न भनी एक करोड रुपैयाँका दरले रकम निकासा गरेको थियो ।

कतिपय स्थानीय तहले खर्च देखाउन सामान खरिद गरेको तर त्यो सामान स्थानीय तहसम्म नपुर्‍याएको मन्त्रालयका अधिकारीहरु बताउछन् । कतिपय स्थानीय तहमा ती सामानको अत्तोपत्तो नभएको महालेखा परिक्षकको कार्यालयले आफ्ना प्रतिवेदनहरुमा उल्लेख गरेको छ । फर्निचर र अन्य कार्यालय व्यवस्थापनको सामानको तुलनामा ल्यापटप, मोटरसाइकल, गाडीलगायतका सामान दुरुपयोग हुनसक्ने मन्त्रालयको आंशका छ । केही स्थानीय तहले वडाध्यक्षलाई मोटरसाइकल दिएका छन् भने केहीले ल्यापटपलगायतका जिन्सी सामान बाँडेका छन् ।

कार्यकाल सकिने बेलामा स्टोरकिपरलाई राखेर बरबुझारथ गर्न मन्त्रालयले स्थानीय जनप्रतिनिधिहरुलाई सुझाव दिएको छ । आफ्नो कार्यकालमा खरिद भएका र खेर नजाने सामानहरुको अभिलेख अद्यावधिक गर्नुपर्ने मन्त्रालयको सुझाव छ । पालिकाको नेतृत्व गर्ने जनप्रतिनिधिले जिन्सी व्यवस्थापनको जिम्मेवारी लिएको कर्मचारीमार्फत सामानको अभिलेख अद्यावधिक गर्नुपर्ने भनी सुझाव दिएको छ ।

स्थानीय तहहरुले आफूले निर्माण गरेको कानून स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्छ । केही स्थानीय तहमा कानून त निर्माण भएका छन्, तर राजपत्रमा प्रकाशित छैनन् । त्यसका साथै कानून निर्माण प्रक्रियाका कागजातको अभिलेख पनि सुरक्षित राख्नुपर्छ । सहसचिव अधिकारीले भने, 'कानून निर्माण गरेरमात्रै भएर, त्यसका प्रक्रियाका फाइलहरु पनि संरक्षण गर्नु आवश्यक हुन्छ । सुरक्षित राख्नुहोस् भनेका छौं ।'

ती कानूनमाथि भोलि प्रश्न उठेमा र अदालतमा सामना गर्नुपर्ने भएमा प्रमाणका लागि पनि प्रक्रियाका फाइलहरु सुरक्षित बनाउनुपर्ने उनले बताए । मन्त्रालयले पाँच वर्षको अवधिमा स्थानीय तहको सभा, कार्यपालिका र न्यायिक समितीले गरेको निर्णय र कामकारवाहीको फाइल सुरक्षित राख्न सुझाव दिएको छ । जनप्रतिनिधिहरु पदमुक्त हुने भएकाले कार्यपालिकाको बैठकको रजिष्ट्रर लगायतका कागजात, महत्वपूर्ण फाइल र निर्णयहरुको अभिलेख कर्मचारीहरुलाई हस्तान्तरण गर्नुपर्ने भनी मन्त्रालयले मापदण्ड बनाउने तयारी गरेको छ ।

कार्यान्वयन हुन नसकेका योजनाका फाइलहरु, परामर्श सेवाका प्रक्रियालगायतका कागजातका वारेमा पनि सचेत हुन मन्त्रालयले स्थानीय तहहरुलाई सुझाव दिएको हो । कतिपय स्थानीय तहरुले लेखा परीक्षण गराएका छैनन् । खर्चको हिसावकिताव नराखेकोलगायत विभिन्न कारणले आफ्नो कारोवारको लेखा परीक्षण नगराएका जनप्रतिनिधिहरु केही साताभित्रै पदावधि सकिएर विदा हुदैछन् । मन्त्रालयले ती स्थानीय तहमा तत्काल लेखापरिक्षण गर्न सुझाव दिएको छ । अनि अधुरा योजना, बाकी रहेका कामकारबाहीको पनि अद्यावधिक विवरण तयार गर्नुपर्ने भनेको छ ।

निर्वाचन आयोगले केही दिनमा निर्वाचन आचारसंहिता लागू गर्दैछ । आचारसंहिता लागू भएपछि जनप्रतिनिधिहरुले नयाँ योजना बनाउने, खर्च गर्नेलगायतका काम गर्न पाउदैनन् । त्यसैले अहिले नै केही स्थानीय तहमा जथभावी योजना छनौट र रकम निकासा हुनसक्ने भन्दै मन्त्रालयले ख्याल गर्न स्थानीय तहको प्रशासनको नेतृत्व गर्ने प्रमुख प्रशासकीय अधिकृतहरुलाई सतर्क गराएको छ ।

मन्त्रालयले हरेक क्षेत्रगत शाखा र विभागहरुलाई आफ्नो शाखा वा इकाइले गरेको कामको अद्यावधिक विवरण तयार पार्न सुझाव दिएको छ । जेठको पहिलो साता जनप्रतिनिधि पदमा बहाल भएर कार्यभार सम्हालेपछि उनीहरुलाई आ-आफ्नो शाखा र इकाईबाट ब्रिफिङ गर्ने र सहजीकरण गर्ने वातावरण बनाउन उत्प्रेरित गरिएको प्रवक्ता वसन्त अधिकारीले बताए । -साभार: अनलाईनखबर

# पारस खड्काको कीर्तिमान रोहितले तोडे



काठमाडौं/रोहित पौडेलले एकदिवसीय अन्तर्राष्ट्रियमा पूर्व कप्तान पारस खड्काले एकै पारीमा बनाएको ११५ रनको कीर्तिमान आफ्नो नाममा राखेका हुन् ।

उनले शुक्रबार राजधानीमा जारी पपुवा न्युगिनीविरुद्धको पहिलो ओडिआई खेलमा सतक प्रहार गर्दै पारसले बनाएको ११५ रनको कीर्तिमान तोडेका हुन् । २ सय ९३ रनको विशाल विजयी लक्ष्य पछ्याएको नेपालका लागि रोहितले ११९ रन बनाएर खेलिरहेका छन् । उनले मात्र ९१ बलमा आफ्नो करिअरकै पहिलो अन्तर्राष्ट्रिय शतक प्रहार गरेका हुन् । रोहित १०० बलमा ७ चौका र ६ छक्कासहित ११९ रनमा अविजित छन् । रोहित नेपालबाट ओडिआईमा शतक प्रहार गर्ने दोस्रो खेलाडी हुन् ।

यसअघि २०१९ मा पारस खड्काले युएईविरुद्ध तेस्रो ओडिआई खेलमा १ सय १५ रनको शतकीय इनिङ खेलेका थिए । रोहितले यसअघि ओडिआईमा गत असोजमा पपुवा न्युगिनीसँगै दोस्रो ओडिआई खेलमा ८६ रनको सर्वाधिक रनको इनिङ खेलेका थिए । जुन रोहितको अन्तर्राष्ट्रिय करिअरको उच्च प्रदर्शन थियो । रोहितले पूर्व कप्तान ज्ञानेन्द्र मल्ल र पारस खड्कालाई पछि पार्दै ओडिआईमा नेपालबाट सर्वाधिक रन बनाउने ब्याटर पनि बनेका छन् । उनी ५ सयमाथि रन बनाएर खेलिरहँदा दोस्रो स्थानका ज्ञानेन्द्रले १९ खेलमा ४ सय ८० रन बनाएका छन् ।

*-साभार: सेतोपाटी*

# महामारी मत्थर, तर पर्यटन क्षेत्रलाई अझै सकस

काठमाडौं/चैत २०७६ मा सरकारले कोरोना महामारी नियन्त्रणका लागि लकडाउन गर्दा एकाएक दैनिक जनजीवनदेखि सबैजसो क्षेत्र प्रभावित हुन पुगे । २०७६ पुसबाटै विदेशी पर्यटक र पर्यटकीय गतिविधि घटेर थला पर्न सुरु गरेको नेपालको पर्यटन क्षेत्र महामारीको तेस्रो लहरको कटिसक्दा समेत उठ्न सकेको छैन ।



कोराना महामारी मत्थर हुँदै गएपछि प्राय: सबै क्षेत्र खुकुलो हुँदै गएको छ । पछिल्लो समय अर्थतन्त्रका अधिकांश क्षेत्र पुरानै अवस्थामा फर्किन थालेका छन् । तर, पर्यटन क्षेत्र भने अहिले पनि पुरानो अवस्थामा फर्किन सकेको छैन ।

पर्यटन सचिव महेश्वर न्यौपाने भन्छन्, 'स्कुल खुलेको कति भइसक्यो, पर्यटनमा अझै किन झन्झट ? कोरोना भाइरसको महामारी संसार भर कम भइरहेको र अधिकांश यात्रुले खोप पनि लगाइसकेको अवस्थामा नेपालका अन्य निकायसँग पर्यटन मन्त्रालयले गर्नुपरेको संघर्षलाई समेत उनी सम्झन्छन् ।

विदेशी मुद्राको सञ्चितिको अभावले वस्तु तथा सेवा आयात धान्न सक्ने क्षमता ६ महिना भन्दा कम भइसकेको देखिन्छ । यस्तोमा पर्यटकबाट हुने आय समेत कम हुँदा समग्र अर्थतन्त्रमै यसले नकारात्मक असर गरिरहेको सचिव न्यौपानेले बताए ।

नेपाल पर्यटन बोर्डको तथ्यांकअनुसार सन् २०२२ फेब्रुअरीमा १९ हजार ७ सय ६६ जना पर्यटक नेपाल आएका छन् । तर, सामान्य अवस्थामा सन् २०१९ फेब्रुअरीमा १ लाख २ हजार ४ सय २३ जना पर्यटक नेपाल आएका थिए । सन् २०२२ जनवरी र फेब्रुअरी गरी दुई महिनामा कुल ३७ हजार ७ सय ४१ जना पर्यटक आएको देखिएको छ । यो आंकडाले कोरोनापछि नेपालको पर्यटनको रिकोभरी हुन अझै लामो समय लाग्ने देखिएको छ ।

पर्यटन व्यवसायी समेत यस्तो अवस्थाबाट पार लगाउन सरकारले अभिभावकत्व लिनु पर्ने बताउँछन् । व्यवसायीहरु खासगरी युरोपको युद्ध र नेपालले लिन नसकेको वैकल्पिक प्रवर्द्धनको नीतिका कारण पर्यटन क्षेत्र अझै पनि अन्यौलमा रहेको गुनासो गर्छन् ।

**एयरलाइन्स उठ्यो, पर्यटन र होटल व्यवसाय थला पर्‍यो**

कोरोना महामारी कम भएपछि अर्थतन्त्रका अन्य क्षेत्र जस्तै हवाई क्षेत्र भने छिटो 'रिकभरी' भएको क्षेत्र मध्येमा पर्छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयका अनुसार अहिले आन्तरिक उडान संख्या कोरोना भाइरसको महामारी भन्दा अगाडिकै अवस्थामा पुगिसकेको छैन । दैनिक करिब १४/१५ हजार यात्रुले यात्रा गर्न थालेका छन् । यसमा बुद्ध एयर एक्लैले ८ हजार दैनिक यात्रुको आंकडा कोरोना भाइरसको महामारीपछि पार गरिसकेको छ । तर, होटल र पर्यटन क्षेत्र भने अझै पनि कमजोर छ ।

होटल संघ नेपाल (हान) का अनुसार पर्वतारोहण मौसम नजिकिएसँगै अहिले होटल बुकिङको ट्रेन्ड बढेको छ । तर, यो अक्कुपेन्सीका दृष्टिकोणबाट भने पर्याप्त छैन । हानका सदस्य युवराज श्रेष्ठका अनुसार कोरोनाका बीच शून्यको बीचमा पुगेको अक्कुपेन्सी १५/२० प्रतिशतसम्म उक्लिएको छ । तर, होटल उद्योग नाफामा जान कम्तीमा ६० प्रतिशत अक्कुपेन्सी हुनुपर्ने मानिन्छ ।

जसले गर्दा अहिले पनि होटल उद्योग संकटमै रहेको उनले बताए । यसबीचमा सीमा क्षेत्रमा रहेका होटल र क्यासिनोमा भने राम्रो व्यापार भइरहेको उनको भनाइ छ । आन्तरिक पर्यटनका कारण शहरी भेगको आसपास रहेका होटल/रिर्सोटमा समेत व्यापार भने सन्तोषजनक रहेको उनको भनाइ छ । -साभार: अनलाईनखबर

# चार वर्षमै महिलाविरुद्धका हिंसा झण्डै दोब्बर

काठमाडौं/देशको सर्वोच्च पद 'राष्ट्रपति'मा मात्र नभई राज्यका विभिन्न संरचनामा महिलाको सुदृढ प्रतिनिधित्व भए पनि महिलाविरुद्धका हिंसामा कमी आएको छैन । पछिल्लो पाँच वर्षमा महिलाविरुद्धका हिंसासम्बन्धी घटना झण्डै दोब्बर बढेको प्रहरीको तथ्यांकले देखाउँछ ।

चार वर्ष अघि प्रहरीको वार्षिक तथ्यांकमा महिलाविरुद्ध हिंसाका एक हजार ४६८ घटना रेकर्ड भएकोमा चार वर्षपछि सात महिनाकै अवधिमा त्यस्तो घटनाको संख्या एक हजार ३०३ पुगेको छ । यद्यपि यस्ता हिंसाका पीडित धेरैजसोले विभिन्न कारणले उजुरी नै गर्न नचाहने भएकाले वास्तविक घटना संख्याको थोरै हिस्सामात्र प्रहरी कार्यालयमा उजुरी पर्ने गरेको प्रहरी नै बताउँछ ।

प्रहरीका अनुसार चालु आर्थिक वर्ष माघसम्म ७ अवधिमा महिला हिंसाका घटना एक हजार ३०३ पुगेको हो । जसमा ८५६ जना बालिका र ४४६ जना महिला पीडित छन् । त्यस्तै, आर्थिक वर्ष २०७७/०७८ मा महिला हिंसाका २ हजार ५५४ घटनामध्ये एक हजार ६६५ जना बालिका र ८८८ जना महिला पीडित भएका थिए । आर्थिक वर्ष २०७६/०७७ मा २ हजार १६७ त्यस्ता घटनामा एक हजार ३९३ जना बालिका र ७७१ महिला पीडित भए । आर्थिक वर्ष २०७५/०७६ मा महिला हिंसाका २ हजार २५४ घटनामा बालिका एक हजार ४२० जना र महिला ८२४ जना पीडित भए । आर्थिक वर्ष २०७४/०७५ मा एक हजार ४६८ हिंसाका घटनामा ८५१ जना बालिका र ५९८ महिला पीडित भएको पाइएको छ ।

सामाजिक प्रतिष्ठामा आँच आउने, लाज र असुरक्षा जस्ता कारणले पनि यस्ता अपराधबारे उजुरी नआउने गरेको नेपाल प्रहरीका प्रवक्ता विष्णुकुमार केसी बताउँछन् । प्रहरीमा थोरैमात्र घटनाको उजुरी आउने गरेको भन्दै उनले वास्तविक पीडितको संख्या अझ बढी हुन सक्ने बताए ।

महिला हिंसाका धेरै घटना स्थानीय तहमै मेलमिलाप हुने गरेको उनको भनाइ छ । अदालतमा गएका हिंसासम्बन्धी मुद्दाको छिनोफानो हुन करिब ५ देखि १०/१२ वर्ष लाग्ने भएका कारण धेरै पीडितले उजुरी नगर्ने अधिवक्ता रक्षा बस्याल बताउँछिन् । झन्झटिलो न्यायिक व्यवस्था र समयको बर्बादीले पनि धेरै पीडितहरू चुप लागेर हिंसा सहनको विकल्प नदेख्ने उनले बताइन् । यस्ता खालका घटना दोहोरिरहनुले अपराधीहरु कानुनसँग नै नडराउने स्थिति उत्पन्न भएको प्रस्ट हुन्छ ।

महिलामाथि हुने हिंसाका विरुद्ध कानुन बनाएर मात्र नहुने भन्दै बस्यालले महिलाविरुद्ध हुने हिंसाका घटना नियन्त्रणका लागि लैङ्गिक समानताको अवधारणालाई व्यवहारमा सबै पक्षले लागू गर्नुपर्नेमा जोड दिइन् । 'महिलाहरुको आर्थिक र सामाजिक शशक्तिकरण गर्न जरुरी छ । महिलाहरु आर्थिक र सामाजिक रुपमा सशक्त नबनाउँदासम्म उनीहरूमाथि परिवार र समाजका सदस्यले हिंसा गर्ने अवस्था अन्त्य हुन सक्दैन,' उनले भनिन्, 'महिला अधिकार संरक्षण र सुरक्षित गर्न समयको कालखण्डमा विभिन्न आन्दोलनहरु भयो र आन्दोलनमार्फत कानुन ल्याउन सफल पनि भइयो । अब त्यही कानुनलाई व्यवहारमा उतार्दै पीडितहरुले न्याय पाउन सक्छु भन्ने आशा राखेर उजुरी गर्न सक्ने अवस्था सिर्जना गर्न आवश्यक छ ।'

विद्यमान कानुन कार्यान्वयन गर्न सके पनि हालको अवस्थामा केही परिवर्तन गर्न सकिने उनको भनाइ छ । सन् २०२१ को जनवरीमा राष्ट्रसंघीय मानव अधिकार परिषद्मा नेपालमा मानव अधिकार अवस्थाको समीक्षा गर्दै धेरै देशले महिलाविरुद्ध हुने हिंसा तथा विभेद नियन्त्रणका लागि थप कदम चाल्न नेपाललाई सुझाव दिएका छन् ।

-साभार: रातोपाटी

# मतदाताको अन्तिम नामावली आइतबार सार्वजनिक हुने




काठमाडौं/निर्वाचन आयोगले मतदाता नामावली आइतबार सार्वजनिक गर्ने भएको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलकाअनुसार सोही अनुसार तयारी भइरहेको छ ।

'मतदाताको अन्तिम नामावली चैत १३ गते टुंगिन्छ,' उनले भने । यसैबीच आयोगले स्थानीय तहको निर्वाचनको मतपत्र जनक शिक्षा सामग्री लिमिटेडबाट छपाइ गर्ने निर्णय गरेको छ ।

शुक्रबारको बैठकले शिक्षा सामग्रीलाई छाप्ने मेसिनलगायतका साधन चुस्त दुरुस्त राख्न निर्देशन पनि दिएको प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

'यसअघि अनौपचारिक छलफल भइरहेको थियो ।शुक्रबार मतपत्र जनक शिक्षा सामग्रीबाट छाप्ने निर्णय गरेको छ । आवश्यक मेशिन, स्रोत साधान दुरुस्त राख्न निर्देशन दिने भन्ने भएको छ,' उनले भने । उनकाअनुसार करिब २ करोड मतपत्र छाप्ने तयारी छ । यसअघि पनि जनक शिक्षाबाटै मतपत्र छाप्ने गरिएको थियो । स्थानीय तहको निर्वाचन आगामी वैशाख ३० गते हुँदै छ ।

-साभार: बाह्रखरी

**काठदाउरा बिक्रीवितरण गर्ने बारेको सूचना**

यस श्री अमृता सा.व.उ.स बागमती-८, मकवानपुरको पुनरउत्पादन काटन तथा ढलापढा काटनबाट आ.व २०७५/७६ मा उत्पादित काठ दाउरामध्ये यस समूहका उपभोक्ताहरुलाई आन्तरिक विक्रीवितरणको लागि छुट्याएको काठ दाउरामध्ये उपभोक्ताले उपयोग गरि बाँकी रहेको काठ नियमअनुसार व्यवस्थापन निर्देशिका-२०७२ को परिच्छेद २ को दफा ४ (१) बमोजिम समूहभित्रका भुकम्पपीडित उपभोक्ता, घरधुरी आफ्नो गा.पा/न.पा/उपम.न.पा भित्रका छिमेकी समूहका भुकम्पपीडित उपभोक्ता वा सामुदायिक वनको सदस्य नरहेका घरधुरी एवम् जिल्लाभित्रका छिमेकी गा.पा/न.पा/उपमा.न.पा.का भुकम्पपीडित परिवारलाई (भुकम्पपीडित परिचयपत्र पाएका) समूहले निर्धारण गरेको मूल्यमा काठ बिक्रीका लागि पत्रिकामा प्रकाशित भएको मितिबाट लागू हुनेगरी यो ७ दिने प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री अमृता सामुदायिक वन उपभोक्ता समूह,**
बागमती-८ मकवानपुर

**कागजात हराएको सूचना**

निम्न व्यहोराको ब्लुबुक र जाँजपास २०७८ चैत २ गते हेटौंडाबजार देखि थाहाभन्याङ्ग जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**सवारी धनीको नाम:** अनोज गौतम
**ठेगाना:** हेटौंडा-४, मकवानपुर
**सवारी नम्बर:** ना २ ह ७९९
**सम्पर्क फोन नम्बर:** ९८६३६८५५१५

**शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था**
हेटौंडा-४, मकवानपुर

**कर्मचारी आवश्यकता**

प्रकाशित भएको ७ दिन भित्रमा
सम्पर्क: ०५७-५९०३७०, ५९०३७९
Email: shivashikharhetauda@gmail.com

**शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थातर्फ**

| क्र.सं. | पद: | संख्या | आवश्यक योग्यता | तलब |
|---|---|---|---|---|
| १ | बजार प्रतिनिधि | ५ जना | +२ वा सोसरह उत्तीर्ण | संस्थाको नियमानुसार |

**गार्डेन मार्टतर्फ**

| क्र.सं. | पद: | संख्या | आवश्यक योग्यता | तलब | अनुभव |
|---|---|---|---|---|---|
| १ | स्टोर इन्चार्ज | १ जना | +२ वा सोसरह उत्तीर्ण | संस्थाको नियमानुसार | सम्बन्धित काममा अनुभवी |

*नोट :* मोटरसाइकल तथा स्कुटर चलाउने र लाईसेन्स प्राप्त हुनुपर्नेछ । कमाने, चौघडा, पिप्लेको स्थानीयलाई प्राथमिकता दिइनेछ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# चुरियामाई माविमा पाँचवर्षको आर्थिक प्रतिवेदन एकैपटक प्रस्तुत, अध्ययन समिति गठन

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/ पाँच वर्षसम्म अभिभावक भेला नगरेको हेटौंडा उपमहानगरपालिका-१५, स्थित चुरियामाई माध्यमिक विद्यालयको शुक्रबार अभिभावक भेला भएको छ ।

भेलामा आर्थिक वर्ष २०७३/०७४ पछि एकैपटक पाँचवर्षको आर्थिक प्रतिवेदन प्रस्तुत भएको छ । विद्यालयका लेखापाल पुरुषोतम ढकालले आव ०७४/०७५, ०७५/०७६, ०७६/०७७ को वास्तविक आयव्यय, गत आव ०७७/०७८ को आन्तरिक लेखा परीक्षण र चालू आव २०७८/०७९ को अनुमानित आयव्यय एकैपटक प्रस्तुत गरेका हुन् ।

बितेको चार वर्षको आर्थिक प्रतिवेदन तत्काल अध्ययन गर्न नसकिने भएपछि भेलाले १५ नम्बर वडाका वडाध्यक्ष महारत्न लामाको संयोजकत्वमा शिक्षा तथा आर्थिक प्रतिवेदन अध्ययन कमिटी गठन गरेको छ । विद्यालयका प्रधानाध्यापक केशव खतिवडाले शिक्षा प्रतिवेदन प्रस्तुत गरेका थिए । भेलामा एकै पटक आर्थिक प्रतिवेदन आएकाले आर्थिक अपचलनको आशंका व्यक्त भएपछि अध्ययन समिति गठन गरिएको भेलामा सहभागी स्रोतले जानकारी दिएको छ । तर, प्रधानाध्यापक खतिवडाले कुनै आशंका नभई एकैपटक प्रतिवेदन अध्ययन गर्न नभ्याइने भएकाले अध्ययन कमिटी गठन गरेर प्रतिवेदन तयार पार्न लागिएको बताए । उनका अनुसार पाँच सदस्यीय समितिले १५ दिनभित्र अध्ययन प्रतिवेदन प्रस्तुत गर्नेछ । 'आशंकाको कुरा हैन, अध्ययन गर्न समय अभाव भएपछि कमिटी बनाएर प्रतिवेदन पेश गर्न भनिएको छ', प्रअ खतिवडाले भने ।

विद्यालय व्यवस्थापन समितिले २०७६ सालमै नयाँ अध्यक्ष पाउनुपर्नेमा हालपनि सुनिल मोक्तान नै कायम छन् । अभिभावक भेला पूर्ण नभएपछि मोक्तान नै अध्यक्ष रहेका हुन् । शुक्रबारको भेलाले नयाँ कार्यसमिति चयन गर्न नसकेपछि आज शनिबार बिहानलाई भेला बोलाइएको जनाइएको छ ।

हेटौंडा उपमहानगर पालिकाको नगर प्रमुख हरिबहादुर महतको प्रमुख आतिथ्यता तथा मोक्तानको सभाध्यक्षतामा भएको भेलामा वडा अध्यक्ष लामा, पूर्व गाविस अध्यक्ष प्रेम भोम्जन, नगर कार्यपालिका सदस्य पातली माया गोङ्बालगायतको आतिथ्यता थियो ।

# निर्माण सामग्रीको मुल्य वृद्धि रोक्न व्यवसायीको अपिल

साझाकुरा संवाददाता



हेटौंडा, ११ चैत/ निर्माण व्यवसायी संघ मकवानपुरले निर्माण सामग्रीमा अस्वाभाविक मूल्य बृद्धि भइरहेको भन्दै यसलाई रोक्न सरकारको ध्यानाकर्षण गराएको छ ।

शुक्रबार मकवानपुरका प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै निर्माण व्यवसायीहरुले मूल्य बृद्धि रोक्न अपिल गरेका हुन् ।

निर्माण व्यवसायी संघ मकवानपुरका वरिष्ठ उपाध्यक्ष बालगोपाल कँडेलले मूल्य बृद्धि तत्काल नियन्त्रण गर्न सरकारसँग आग्रह गरेका छन् ।

नौ बुँदे ज्ञापनपत्र बुझाएका निर्माण व्यवसायीहरुले मूल्य बृद्धिका कारण निर्माण क्षेत्रमा समस्या उत्पन्न भएको दाबी गरेका छन् । मूल्य बृद्धिका कारण व्यवसाय नै सञ्चालन गर्न नसक्ने अवस्था आएको उनीहरुको भनाइ छ । सार्वजनिक खरिद ऐनको संशोधनले साना निर्माण व्यवसायीलाई समस्या भइरहेको र यसले निर्माण व्यवसायीबीच ठूलो अन्तर पैदा गर्ने संघ मकवानपुर महासचिव बालकुमार मल्ल ठकुरीले बताए । संघले सार्वजनिक ऐनमा आफूहरु गरेको बिरोधको सुनुवाइ तत्काल नभएको खण्डमा निर्माण व्यवसायी थप आन्दोलित हुने चेतावनी दिएको छ । ज्ञापनपत्रमा सार्वजनिक खरिद नियमावली, २०६४ को एघारौं संशोधन र बिमा समितिले जारी गरेको बिमा सम्बन्धि निर्देशिका-२०७८ ले गर्दा प्रिमियम दरमा अत्यधिक वृद्धि भएको उल्लेख छ ।

# मानव बेचबिखनको आरोपमा लामा जेल चलान

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/ हेटौंडा उपमहानगरपालिका घर भएका मोति लामालाई मानव बेचबिखन तथा ओसारपसार गरेको आरोपमा अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ ।

३९ वर्षीय लामामाथि आर्थिक प्रलोभन देखाएर मृगौला झिक्न दुई जनालाई भारत लैजान लागेको अभियोगमा प्रहरीले काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो । मानव बेचबिखन तथा ओसारपसार उद्योग कसुरमा संलग्न रहेको आरोपमा हेटौंडा-१९ घर भई काठमाडौंमा डेरा गरी बस्ने लामालाई १६ फागुनमा प्रहरीले उपत्यकाबाट पक्राउ गरेको थियो ।

लामाले मृगौला झिक्न भारत लैजान तयारी अवस्था र राखेका दुई जनालाई प्रहरीले काठमाडौं माछापोखरीस्थित होटल न्यू दक्षिणकालीबाट उद्दार गरेको महानगरीय प्रहरी परिसरले जनाएको छ ।

# हुप्रचौरमा बहुउद्देश्यीय भवन शिलान्यास



साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/ हेटौंडा उपमहानगरका प्रमुख हरिबहादुर महतले हुप्रचौरमा निर्माण गर्ने भनिएको ११ गते बहुउद्देश्यीय भवनको शिलान्यास गरेका छन् ।

हेटौंडा-४, हुप्रचौरको दक्षिणतर्फ बासुदेव सभागृह भत्काएर भ्यूटावरसहितको बहुउद्देश्यीय भवन निर्माण गर्न लागिएको हो । उपमहानगरको गौरबको योजनामा रहेको भवनको निर्माण लामा, रसुवा, बानियाँ जेभीले गर्ने भएको छ । केही समयअघि उपमहानगरपालिकासँग सम्झौता भएको थियो ।

११ तले भवनमा सबैभन्दा तल दुई तलाको अण्डर ग्राउण्ड पार्किङ, चारै दिशातर्फ लिफ्ट, दुई वटा भ्याङ, सबैभन्दामाथि भ्यूटावर निर्माण गरिने उपमहानगरपालिकाका योजना महाशाखाका प्रमुख सत्यनारायण साहले बताए । व्यापारिक भवनको सबैभन्दा माथि भ्यू टावरबाट हेटौंडा र आसपासको क्षेत्र दृश्यावलोकन गर्न सकिने जनाइएको छ । उक्त भवन तीन वर्षभित्र सक्नुपर्ने सम्झौतामा उल्लेख छ ।

शिलान्यासपछि बोल्दै मेयर महतले आफूले चुनाव उठ्नुभन्दा अगाडि आमजनतामाझ घोषणापत्रमार्फत उल्लेख गरेअनुसार भवन निर्माण गर्न लागिएको बताए । बुहउद्देश्यीय भवन निर्माणपछि उपमहानगरको आन्तरिक श्रोतमा बृद्धि हुने महतले बताए । हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलको सभाध्यक्षतामा भएको कार्यक्रममा १० नम्बरका वडाध्यक्ष किताबसिं लामा, १४ नम्बरका वडाध्यक्ष दिपक खड्कालगायतको आतिथ्यता थियो ।

# हातहतियार बुझाउन प्रशासनको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/ स्थानीय तहको निर्वाचनमा सुरक्षाको दृष्टिकोणलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय मकवानपुरले इजाजत प्राप्त हातहतियार बुझाउन निर्देशन जारी गरेको छ ।

चैत मसान्तभित्र हातहतियार बुझाउन जिल्ला प्रशासन कार्यालय मकवानपुरले शुक्रबार एक निर्देशन जारी गरेको हो । निर्वाचन ३० वैशाखमा हुँदैछ । इजाजत प्राप्त हातहतियार नजिकको प्रहरी चौकीमा बुझाउन प्रशासनले निर्देशन दिएको हो । स्थानीय तहको निर्वाचनलाई भरपर्दो तथा विश्वासिलो बनाउन जिल्लाभित्र रहेको इजाजत प्राप्त हातहतियारहरु चैत ३० गतेभित्रमा नजिकको प्रहरी चौकीमा बुझाउन निर्देशन दिइएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले जानकारी दिए ।

गृह मन्त्रालयकोनिर्देशनअनुसार सूचना जारी गरिएको प्रजिअ पाण्डेले बताए । गृहमन्त्रीको अध्यक्षतामा बसेको केन्द्रीय सुरक्षा समिति बैठकको निर्णय अनुसार निर्वाचनपश्चात् फिर्ता हुने गरी हातहतियार बुझाउन भनिएको हो ।

मकवानपुरमा हालका जनप्रतिनिधिसहित ५१ जनासँग ६४ वटा हातहतियार छन् । २०४० सालबाट सुरक्षाका लागि हातहतियार राख्न इजाजत दिन सुरु गरिएपनि मकवानपुरमा २०६६ देखि नयाँ व्यक्तिलाई हातहतियारको इजाजत नदिइएको जिल्ला प्रशासनको अभिलेखमा उल्लेख छ ।

# मेयर कप रेपिड बुद्धिचाल सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/ नेपाल खेलकुद महासंघ र बागमती प्रदेश बुद्धिचाल संघको संयुक्त आयोजनामा हेटौंडामा मेयर कप रेपिड बुद्धिचाल प्रतियोगिता सुरु भएको छ ।

हेटौंडा-२, पल्पसा सभागृहमा सुरु प्रतियोगिताको हेटौंडाका नगर प्रमुख हरिबहादुर महतले उद्घाटन गरेका छन् । प्रतियोगितामा ६० जनाले सहभागिता जनाएका छन् । महासंघका अध्यक्ष सविन लामाको सभाध्यक्षता तथा नगर प्रमुख महतको प्रमुख आतिथ्यतामा भएको उद्घाटन कार्यक्रममा नेपाल बुद्धिचाल संघका केन्द्रीय अध्यक्ष तथा नेकपा एमाले मकवानपुरका अध्यक्ष एकलाल श्रेष्ठ, बुद्धिचाल संघका सचिव तथा खेलकुद महासंघ स्थायी कमिटी सदस्य धरम लामा, नगर खेलकुद विकास समिति अध्यक्ष चन्द्र शाही, एमाले मकवानपुरका उपसचिव सिता बिष्टलगायतको आतिथ्यता थियो ।

प्रतियोगिताको हरेक स्पर्धामा शीर्ष तीन खेलाडीले नगदसहित पुरस्कार हात पार्नेछन् । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीले क्रमश: ५०, २५ र १५ हजार रुपियाँ पाउने आयोजकले जनाएको छ । उत्कृष्ट १५ र विभिन्न ७ विद्यामा खेलाडीलाई मेडल र प्रमाणपत्र प्रदान गरिने अध्यक्ष मोक्तानले जानकारी दिए ।


## जैविक मलका फाइदाहरु

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकार का प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परि वर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:
**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल




## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

## डबल ब्ल्याक खाजा

**स्वादिष्ट परिकारहरू:**

- बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
- चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
- बफ सुकुटी र छोयला
- हल्का पेय पदार्थ
- भेज चाउमिन



**ओपाज**
कफि पिउँदा
स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।

**डबल ब्ल्याक खाजा**
हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३
प्रो. झुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**


Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा
**www.sajhakuranews.com**
"तपाई, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको
चाहनालाई मध्यनजर
गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।






**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

स्वास्थ्यको लागि खेलकुद, राष्ट्को लागि खेलकुद

## प्रदेशकै सबैभन्दा ठूलो खेलकुद प्रतियोगिता हेटौंडामा

यही फागुन २८ गतेबाट सुरु हुन गइरहेको प्रथम प्रदेश खेलकुद प्रतियोगिता हेर्न क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा जाऔं ।

खेलहरु : फुटवल, भलिवल, क्रिकेट, तेक्वान्दो, कराँते, बक्सिङ, एथलेटिक्स र ब्याडमिन्टन

**सञ्चालन हुने खेलहरु र खेलस्थल**

१. **मकवानपुर:** पुरुष फटुबल- मिति २०७८/११/२९ देखि
तेक्वान्दो: मिति २०७८/१२/०५ देखि
व्याडमिन्टन: २०७८/११२९ देखि
२. **चितवन:** भलिबल- २०७८/११/३० देखि
क्रिकेट: २०७८/११/३० देखि
३. **सिन्धुपाल्चोक:** कराते- २०७८/१२/०७ देखि
४. **काठमाडौं:** एथलेटिक्स- २०७८/१२/०६ देखि
५. **काभ्रेपलाञ्चोक:** महिला फुटबल- २०७८/१२/०७ देखि
बक्सिङ- २०७८/१२/०९ देखि

**उद्घाटन समारोह स्थान :** क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा
**समय :** यही फागुन २८ गते अपरान्ह ४ बजे
**उद्घाटन कार्यक्रमको आकर्षण :** राष्ट्रिय कलाकारहरुको प्रस्तुती, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र पहरीको प्रर्दशन, तीन सय बढी विद्यार्थीहरुद्धारा ड्रिल कार्यक्रम तथा आतिशवाजीको मज्जा लिन सकिने ।
**सहभागी जिल्लाहरु:** बागमती प्रदेशका १३ जिल्ला

**आयोजक**
प्रदेश खेलकुद विकास परिषद
बागमती प्रदेश



**खुल्यो ! खुल्यो**
नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
*अब होटल म्याक्समा*
**होटल MAX**
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना